**मिति २०७६/०४/०९ मा भएको गाउँ कार्यपालिकाको ४६ औं बैठकको निर्णयहरु :**

१) आ.व. २०७६/०७७ का योजनाहरुलाई व्यवस्थित, गुणस्तरिय र प्रभावकारी बनाउदै निर्धारित समयै सम्पन्न गर्न निम्नानुसार समय कार्य तालिका निर्धारण गरि निर्धारित समयमै योजनाहरु सम्पन्न गर्ने निर्णय गरियो ।

- उपभोक्ता समिति गठन २०७६ भदौ मसान्त सम्म ।
- उपभोक्ता समितिहरुको तघालिम ०७६ असोज १५ सम्म ।
- योजनाहरुको सम्झौता म२०७६ माघ मसान्त सम्म ।
- योजनाको निर्माण कार्य सम्पन्न २०७७ वैशाख मसान्त सम्म ।
- योजनाको मूल्याङ्कन, अनुगमन, फरफारक र भुक्तानी सम्पन्न २०७७ जेष्ठ मसान्त सम्म ।

२) आ.व.२०७५/०७६ को कार्यक्रम, गतिविधि र योजनाहरुबारे बृहत छलफल तथा समीक्षा गरियो । समीक्षामा विशेष गरी आ.व.२०७५/०७६का सकरात्मक पक्षहरुलाई संस्थागत गर्दै अनुभुत भएका कमी कमजारीहरु/चुनौतीहरुलाई व्यवस्थापन गर्दै जनतालाई प्रत्यक्ष रुपमा अनुभुत हुने गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त गर्दै निर्दिष्ट लक्ष्य/उद्धेश्य सहित योजनावद्ध ढङ्गबाट विकास र परिवर्तनका योजना/कार्यक्रमहरुलाई प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

३) आ.व. २०७५/०७६ को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७६ साउन ३२ गते गा.पा. सभाहलमा गर्ने निर्णय गरियो ।

४) आन्तरिक पर्यटन वर्ष २०१९ लाई सफल बनाउन गाउँपालिका स्तरिय निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक - अर्जुन गुरुङ, अध्यक्ष
२. सदस्य - होम बहादुर बि.क., उपाध्यक्ष
३. सदस्य - रुद्रमान गुरुङ, वडा अध्यक्ष, वडा नं. १
४. सदस्य - चेत बहादुर गुरुङ, वडा अध्यक्ष, वडा नं. २
५. सदस्य - प्रेम बहादुर बस्नेत, वडा अध्यक्ष, वडा नं. ३
६. सदस्य - सुमन गुरुङ, वडा अध्यक्ष, वडा नं. ४
७. सदस्य - लेखमान गुरुङ, वडा अध्यक्ष, वडा नं. ५
८. सदस्य - लिला प्रसाद घले, वडा अध्यक्ष, वडा नं. ६
९. सदस्य - यूवा घले, वडा अध्यक्ष, वडा नं. ७
१०.सदस्य - हिरादेवी घले, वडा अध्यक्ष, वडा नं. ८
११. सदस्य - नारायण बहादुर थापा, वडा अध्यक्ष, वडा नं. ९
१२. सदस्य - कृष्ण बहादुर बि.क., गाउँकार्यपालिका सदस्य
१३. सदस्य - पारकासी गुरुङ, गाउँकार्यपालिका सदस्य
१४. सदस्य - डिल कुमारी थापा, गाउँकार्यपालिका सदस्य
१५. सदस्य - अनिता बि.क., गाउँकार्यपालिका सदस्य
१६. सदस्य - चितिरी तमाङ, गाउँकार्यपालिका सदस्य
१७. सदस्य - बिरेन्द्र भण्डारी, अध्यक्ष, लमजुङ उद्योग वाणिज्य संघ, खुदी ईकाई
१८. सदस्य - रवि थापा, अध्यक्ष, यूवा तथा खेलकुद विकास समिति, मर्स्याङ्दी गाउँपालिका
१९. सदस्य - राम माया गुरुङ, अध्यक्ष, महिला सञ्जाल, मर्स्याङ्दी गाउँपालिका

२०. सदस्य - नारायण तमाङ, अध्यक्ष, किसान समिति, मर्स्याङ्दी गाउँपालिका

२१. सदस्य - नन्द बहादुर गुरुङ, अध्यक्ष, जेष्ठ नागरिक समिति, मर्स्याङ्दी गाउँपालिका

२२. सदस्य - तिल बहादुर गुरुङ, पर्यटन व्यवसायी, मर्स्याङ्दी -७, ङादी

२३. सदस्य - खुशीराम गुरुङ, पर्यटन व्यवसायी, मर्स्याङ्दी -४, जगत

२४. सदस्य- विष्णु प्रसाद दाहाल, संयोजक, प्रधानमन्त्री रोगगार कार्यक्रम, मर्स्याङ्दी गा.पा.

२५. सदस्य सचिव - खेम राज देवकोटा, प्रमुख प्रशासकिय अधिकृत, मर्स्याङ्दी गाउँपालिका

५) आन्तरिक पर्यटन वर्ष २०१९ को सन्दर्भमा मर्स्याङ्दी गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्न पर्यटकिय गन्तव्यहरुको चिनारी सहितको ब्रोसर तयार गर्ने निर्णय गरियो ।

६) गाउँ शिक्षा समितिलाई पूर्णता दिन गाउँकार्यपालिकाका महिला र दलित सदस्यहरु मध्येबाट कृष्ण बहादुर बि.क र शिक्षाप्रेमी, समाजसेवी र चन्दादाताहरु मध्येबाट आश बहादुर गुरुङ, मर्स्याङ्दी - ५, लक्ष्मी परियार, मर्स्याङ्दी -६ र स्नेह तामाङ, मर्स्याङ्दी -७ लाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

७) गाउँपालिकाको नियमित मासीक वैठक हरेक महिनाको १५ गते बस्ने निर्णय गरियो । आवश्यकता अनुसार थप बैठकहरु पनि बस्न सक्नेछ ।

८) निम्नानुसारका समितिहरुको काम कार्वाहीलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि तयारी गर्नका निम्नानुसार जिम्मेवारी दिने निर्णय गरियो ।

<u>कार्यविधि तयार गर्नुपर्ने प्रस्तावित समितिहरु :</u>

१.यूवा तथा खेलकुद बिकास समिति, मर्स्याङ्दी गाउँपालिका

२.महिला सञ्जाल, मर्स्याङ्दी गाउँपालिका

३. जेष्ठ नागरिक समिति, मर्स्याङ्दी गाउँपालिका

४.किसान समिति, मर्स्याङ्दी गाउँपालिका

५. अपाङ्ग समिति, मर्स्याङ्दी गाउँपालिका

६. वाल सञ्जाल, मर्स्याङ्दी गाउँपालिका

७. सहकारी समन्वय समिति, मर्स्याङ्दी गाउँपालिका

८. होम स्टे समन्वय समिति, मर्स्याङ्दी गाउँपालिका

९. अन्य थप केही आवश्यक भए समावेश गर्न सकिने ।

<u>कार्यविधि मस्यौदा तयारी समिति :</u>

१. अर्जुन गुरुङ, अध्यक्ष

२. होम बहादुर बि.क, उपाध्यक्ष

३. खेमराज देवकोटा, प्रमुख प्रशासकिय अधिकृत

४. प्रेम बहादुर बस्नेत, संयोजक, सामाजिक विकास समिति

५. लिला प्रसाद घले, संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समिति

६. हिरा देवी गुरुङ, संयोजक, आर्थीक विकास समिति

७. यूवा घले, संयोजक, सार्वजनिक सेवा तथा क्षमता विकास समिति

८ चेत बहादुर गुरुङ, संयोजक, पूर्वाधार विकास समिति

९. कृष्ण बहादुर बि.क., संयोजक, विद्यायन समिति

१०. देवराज पौडेल, प्रमुख, शिक्षा शाखा

११. भरत राज बास्तोला, सुचना अधिकृत

१२. राम बहादुर थापा, प्रमुख, सामाजिक विकास शाखा

१३. विज्ञ वा परामर्श दाता संस्था

१४. विज्ञ वा परामर्श दाता संस्था

१५. आवश्यकता अनुसार सहयोगको लागि आमन्त्रण गर्न सक्ने ।

९) आन्तरिक पर्यटन प्रवर्द्धनार्थ मिति २०७६ साउन २५ गते आयोजना गर्न लागिएको हामखोला छहरा महोत्वसलाई सफल बनाउन रु.१,००,०००।- आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

१०) यस गाउँपालिकाको क्षेत्र भित्रको मर्स्याङ्दी नदीको आइ इ इ बाट सम्भाव्यता देखिएको स्थानहरुबाट ढुङ्गा, गिटी, वालुवा निकासीको लागि गत साल पनि सार्वजनिक सुचना आव्हान गरिएकोमा कसैले पनि दरखास्त नहालेको हुँदा यस आर्थिक वर्ष २०७६/०७७ को लाग सम्बन्धित वडाहरुको समन्वयमा वार्ताद्धारा दर रेट निर्धारण गरि गाउँकार्यपालिकाको निर्णय अनुसार उक्त स्थानहरुबाट ढुङ्गा, गिटी, बालुलाको निकासी गर्ने निर्णय गरियो ।

११) यस मर्स्याङ्दी गाउँपालिकामा खानेपानी आयोजना संचालन गर्नको लागि आवश्यक प्रकृया पुऱ्याई स्क्वायरिकल मल्टी पर्पोज प्रा.लि. (Squarical Multipurpose Pvt.Ltd.) लाई डिपीआर तयार गर्न जिम्मा दिइएकोमा उक्त परामर्श दाताबाट डिपीआरको काम सम्पन्न गरी प्राप्त हुन आएको डिपीआरको फाइनल रिपोर्ट र खुदी शिउरुङ स्यागे संडकको डिपीआर तयार गर्न प्रतिस्पर्धाको माध्यमबाट सितारा कन्सल्टेन्ट/ईन्जिनियरको घरलाई जिम्मा दिइएकोमा उक्त परामर्श दाताबाट प्राप्त हुन आएको डिपीआरको फाईनल रिपोर्टलाई स्वीकृत गरी आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।